मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## मधेस प्रदेशमा रगतको अभाव

**जनकपुरधाम।**
रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेस प्रदेशमा रगतको अभाव देखिन थालेको छ । मधेस प्रदेशमा रगतको अभाव देखिएपछि आज जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम, उपमहानगरपालिका वडा नं १७ ले आज रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो।अन्तरराष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गर्नुभएको छ । रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको हो। रास्वपा मधेस प्रदेश सङ्गठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले सङ्कलन भएको रगत मधेस प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताउनुभयो। नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पङ्कज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिनुभयो ।“रक्तसञ्चार केन्द्रमा एक÷दुई पोका मात्र रगत छ, तर दैनिक ४०÷५० जना बिरामी रगतका लागि आउने गरेका छन्”, अध्यक्ष महतोले भन्नुभयो, “बिरामीहरु जसरी पनि दिनुप¥यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ ।” रक्तदाताको अभाव भएपछि मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामअन्तर्गतको प्रदेश रक्तसञ्चार केन्दमा पनि रगतको अभाव हुन थालेको छ। रासस

वर्ष ४ | अंक २४८ | २०८३ साल श्रावण २९ गते शुक्रबार | Friday 14, August 2026 | सूर्योदयः बिहान ०५:२२ बजे | सूर्यास्तः साँझ ०७:०१ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## ठाराब क्याम्पसमा परीक्षार्थी र नेताबीच झडप

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज स्थित ठाकुराम बहुमुखी क्याम्पसमा परिक्षार्थी र स्वावियु पदाधिकारीहरू विच झडप भएको छ। विहीवार स्नातकोत्तर तहको परिक्षा चलिरहेको बेला स्वावियु सभापतति राजयादव चेकिंङमा गएका थिए।

एक जना परिक्षार्थीले मोवाइल हेर्दै उत्तर पुस्तिकामा सारीरहेको देखेपछि आफुले त्यासो नगर्न आग्रह गर्दा परिक्षार्थी आयुष यादवले आफु माथि हातपात गरेको सभापति यादवको भनाई छ। परिक्षार्थी आयुष यादवले भने परिक्षा दिइरहेको बेना विनाकारण अवरोध गरिरहेको र पूर्वाग्रहा राखेर आफुलाई स्ववियु सभापतिले असफल गराउन साजिस गरेको आरोप लगाएका छन्।

सो क्रममा दुवै पक्ष विच झडप हुँदा स्ववियु सभापति पक्षका तीन जना सामान्य घाइते भएको प्रत्यक्षदर्शीको भनाई छ । परिक्षामा खटिएका सुरक्षाकर्मी र क्याम्पस प्रसासनको सक्रियतामा स्थिती साम्या पारिएको थियो।

## ७५ करोड बढीको अवैध सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बलले आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका आठवटै जिल्लाबाट ७५ करोड रुपैयाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ। नेपाल–भारत सीमा क्षेत्रमा निगरानी, गस्ती र आकस्मिक जाँचलाई कडाइ गरेसँगै चोरी–तस्करी नियन्त्रणमा उल्लेख्य सफलता हासिल भएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल, छिन्नमस्ता बाहिनी मातहतका टोलीले २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म विभिन्न सीमा क्षेत्रबाट ७५ करोड २८ लाख ४५ हजार ४७६ रुपैयाँ २० पैसा बराबरका अवैध सामान नियन्त्रणमा लिएका हुन् । बरामद सामग्री आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित भन्सार तथा राजस्व कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी मधेश प्रदेशका प्रवक्ता एवं एसएसपी सुभाष भण्डारीका अनुसार भारतबाट अवैध रूपमा नेपाल भित्र्याउन खोजिएका कपडा, किराना, हार्डवेयर लगायत दैनिक उपभोग्य वस्तु ठूलो परिमाणमा बरामद भएका छन्। यस्तै, तेस्रो मुलुकबाट आयात गरी नेपाल हुँदै अवैध रूपमा भारत लैजान खोजिएको बहुमूल्य तरबुजाको बीउसमेत नियन्त्रणमा लिइएको छ।

## बेपत्ता बालिकाको खोजी कार्य जारी

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको देवाही गोनाही स्थित लाल बकैया नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएकी तेस्रो बालिकाको खोजी कार्य तेस्रो दिन बिहीबार पनि निरन्तर जारी राखिएको छ।

मङ्गलबार दिउँसोदेखि बेपत्ता भएकी १० वर्षीया बालिकाको खोजीका लागि सुरक्षाकर्मीले आधुनिक उद्धार सामग्रीसहित तटीय क्षेत्रमा परिचालन बढाएका छन् । देवाही गोनाही नगरपालिका–२ लक्ष्मिनिया टोलका तीन बालबालिका मङ्गलबार दिउँसो करिब २:०० बजे लाल बकैया नदीमा नुहाउने तथा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए।

बेपत्तामध्ये दुई बालबालिकाको शव बुधबार बिहान करिब ६:३० बजे घटनास्थलबाट साढे एक किलोमिटर तल जिङडिया पुल नजिक फेला परेको थियो।



**आलु घर ल्याउँदै किसान:** ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका–६ जन्तरधाप क्षेत्रमा लगाइएको अर्गानिक बुङ आलु खनेर घर ल्याउँदै किसान । दुई हजार ४०० मिटरभन्दा माथिको उचाइमा परम्परागत विधिबाट पाँचदेखि १० वर्ष जमिन बाँझो राखेपछि त्यसमा उम्रिएको झारपातको चपरीलाई स–साना थुप्रोमा पाखैभरि थुपारेर आगोले पोलेपछि तयार पारिएको बुङमा रासायनिक मल र विषादी प्रयोग नगरी आलु उत्पादन गर्ने गरिन्छ। माघदेखि फागुन महिनामा रोपिने आलु साउन भदौको सिजनमा किसानले खन्ने गर्छन्। ठाडे जन्तरखानी क्षेत्रमा उत्पादित बुङ आलुको अर्गानिक प्रमाणीकरण भएपछि किसानले आफ्नै ब्रान्ड र प्याकेजिङमा सक्कली पहिचानसहित बजारमा पठाउने तयारी गरेका छन्। रासस

## पसाह नदीको पुल निर्माणका लागि प्रदेश सरकारको बजेटमा योजना समावेश

**मधेशदृष्टि**
**कलैया।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१७ जैतापुर र रामनगर जोड्ने पसाह नदीमाथिको पुल निर्माणका लागि मधेश प्रदेश सरकारले बजेटमा योजना समावेश गरेको छ। संघीय सरकारको रातो किताबमा करिब एक दशकदेखि पुल निर्माणको योजना समावेश हुँदै आए पनि आवश्यक बजेट सुनिश्चित हुन नसक्दा निर्माण कार्य सुरु हुन सकेको थिएन।



यसपटक भने प्रदेश सरकारले योजना समेटेपछि स्थानीयमा पुल बन्ने अपेक्षा बढेको हो। प्रदेश सरकारको योजनामा समावेश भएपछि अब बजेट सुनिश्चित गरी निर्माण प्रक्रिया अघि बढाउनुपर्ने स्थानीयको माग छ । सिमरा–कोल्हवी सडक खण्डअन्तर्गत निर्माण हुने पुल करिब १६५ मिटर लामो हुने प्रस्ताव छ । शिलान्यासका क्रममा यसको लागत करिब ४० करोड रुपैयाँ अनुमान गरिएको थियो।

डीपीआर र साइट क्लियरिङलगायत प्रारम्भिक काम सम्पन्न भए पनि आवश्यक बजेट अभावमा निर्माण अघि बढ्न सकेको थिएन। पुल नहुँदा जैतापुर, रामनगरलगायत आसपासका बासिन्दा वर्षायाममा बढी प्रभावित हुँदै आएका छन्। पसाहा नदीमा बाढी आउँदा आवतजावत अवरुद्ध हुने गरेको छ भने स्थानीयलाई वडा कार्यालय तथा अन्य सेवा केन्द्र पुग्नसमेत घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ।

### मधेश प्रदेशमा

# मन्त्रालय घटाएर ९ बनाउने तयारी, तीन मन्त्री हटाइने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले मन्त्रिपरिषद् पुनर्गठनसँगै मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित हाल रहेका १२ मन्त्रालयलाई घटाएर ९ वटामा सीमित गर्ने सरकारको तयारी छ।

मन्त्रालयको संख्या घटाउने क्रममा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दुई र नेकपा एमालेका एक गरी तीन मन्त्रीलाई सरकारबाट फिर्ता बोलाउने गरी गृहकार्य भइरहेको स्रोतले जनाएको छ । सत्ता गठबन्धनमा रहेका दलका शीर्ष नेताबीच छलफल गरी आगामी दुई–तीन दिनभित्रै मन्त्रिपरिषद् पुनर्गठनलाई टुंगोमा पुऱ्याउने तयारी भइरहेको एक मन्त्रीले बताए।

‘धेरै काम अघि बढिसकेको छ । अब गठबन्धनमा रहेका दलका नेताबीच बैठक बसेर सहमति गर्ने र ९ मन्त्रालय कायम हुने गरी सरकार पुनर्गठन गर्ने तयारी छ,’ ती मन्त्रीले भने, ‘अबको दुई–तीन दिनभित्रै पुनर्गठन हुने सम्भावना छ ।’ मन्त्रालय संख्या ९ मा झारिएमा हाल कांग्रेस, एमाले र नेकपाबीच चार–चार मन्त्रालयको भागबण्डा रहेकामा कांग्रेसले मुख्यमन्त्रीसहित चार, एमालेले तीन र नेकपाले दुई मन्त्रालय पाउने गरी नयाँ संरचना बनाउने तयारी छ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको मधेश सरकारमा कांग्रेससँग मुख्यमन्त्रीसहित भूमि व्यवस्था, कृषि तथा सहकारी, वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय छन्।

नेकपा एमालेको भागमा पूर्वाधार विकास, समाज कल्याण तथा खेलकुद, शिक्षा तथा संस्कृति र श्रम तथा संस्कृति मन्त्रालय छन्। त्यस्तै नेकपाले अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन र गृह, सञ्चार तथा कानुन मन्त्रालय सम्हालिरहेको छ।

- **छ मन्त्रालय गाभेर तीन बनाउने तयारी**

मन्त्रालयको संख्या घटाउने विषयमा अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन
पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय कायम गर्न सुझाव दिएको थियो। कार्यदलको सुझावअनुसार हालका ६ मन्त्रालयलाई गाभेर तीन मन्त्रालय बनाउने तयारी छ। गृह, सञ्चार तथा कानुनलाई अन्य सम्बन्धित संरचनासँग समायोजन गर्ने तथा शिक्षा तथा संस्कृति, समाज कल्याण तथा खेलकुद, श्रम तथा यातायात, उद्योग तथा पर्यटनलगायत मन्त्रालयको कार्यक्षेत्र पुनर्संरचना गर्ने गरी गृहकार्य भइरहेको छ।

मन्त्रालय पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित अर्को कार्यदलसमेत गठन गरिएको छ । कार्यदलको काम अन्तिम चरणमा पुगेको र केही दिनमै सरकारलाई प्रतिवेदन बुझाउने तयारी रहेको मन्त्री पटेलले बताए । उनका अनुसार कार्यदलको प्रतिवेदन आउनुअघि नै मन्त्रिपरिषद्लाई ९ मन्त्रालयमा सीमित गर्ने गरी पुनर्गठन गर्न भने बाधा छैन।

**तीन मन्त्री हटाइने**

मन्त्रालय संख्या घटेपछि नेकपाका दुई र एमालेका एक मन्त्री सरकारबाट बाहिरिने अवस्था बन्नेछ । त्यसपछि रिक्त हुने मन्त्रालयमा कसलाई जिम्मेवारी दिने भन्ने विषयमा दुवै दलभित्र आन्तरिक छलफल भइरहेको बताइएको छ । मन्त्रिपरिषद् पुनर्गठनसँगै केही नयाँ अनुहारलाई सरकारमा सहभागी गराउने विषयमा समेत सत्ता साझेदार दलले गृहकार्य गरिरहेका छन् । केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्ता समीकरणमा परिवर्तन आए पनि त्यसको प्रत्यक्ष प्रभाव मधेश प्रदेश सरकारमा भने परेको छैन।

एमाले र नेकपाबीच नयाँ समीकरण बने पनि प्रदेशमा सरकार गठनका लागि आवश्यक ५४ सांसदको संख्या नपुग्ने भएकाले तत्काल कांग्रेस नेतृत्वकै सरकारलाई निरन्तरता दिने रणनीतिमा दुवै दल रहेको नेताहरूको भनाइ छ । यसैबीच मन्त्रालयको संख्या घटाएर सरकारलाई चुस्त बनाउने निर्णय कार्यान्वयनमा आए प्रदेश सरकारको प्रशासनिक खर्च घटाउने र मन्त्रालयबीचको कार्यक्षेत्रमा हुने दोहोरोपन कम गर्ने अपेक्षा गरिएको छ। यद्यपि, मन्त्रालय घटाउँदा कुन दलले कुन मन्त्रालय पाउने र सरकारमा रहने तथा बाहिरिने मन्त्रीको व्यवस्थापन कसरी गर्ने भन्ने विषय सत्ता गठबन्धनका लागि मुख्य चुनौती बनेको छ।

## भक्तपुरको होल्डिङ सेन्टरमा बाराका पासवान मृत अवस्थामा फेला



**मधेशदृष्टि**
**कलैया।**
बारा जिल्लाको सुवर्ण गाउँपालिका–२ स्थायी घर भएका ५७ वर्षीय हिरालाल पासवान भक्तपुरको मध्यपुर थिमि नगरपालिका–९ बोडेस्थित कृषि विकास बैंकको तालिम केन्द्रको होल्डिङ सेन्टरमा मृत भेटिएका छन् । बिहीबार बिहान करिब पौने ११ बजे पासवान मृत भेटिएका हुन्।

उनी तालिम केन्द्रको दोस्रो तलास्थित कोठा नं. २०७ मा मृत भेटिएका प्रहरीले जनाएको छ । कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा बाढी पसेपछि स्थानान्तरण गरी बोडे पु¥याइएका सुकुम्बासीमध्ये पासवान पनि थिए। सुकुम्बासीको उचित व्यवस्थापन हुन नसकेको भन्दै उनी पछिल्लो समय चिन्तित रहने गरेको बताइएको छ।

घटनापछि भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काको नेतृत्वमा सुरक्षा टोली घटनास्थल पुगेको थियो । पासवान श्रीमती र छोरा–बुहारीसँगै होल्डिङ सेन्टरमा बस्दै आएका थिए । घटनाका बेला उनकी श्रीमती बारा स्थित गाउँमा आएको हुँदा पासवान कोठामा एक्लै थिए।

घटनापछि होल्डिङ सेन्टरमा रहेका सुकुम्बासीले राज्यले आफूहरूको दीर्घकालीन तथा ठोस व्यवस्थापन गर्न उदासीनता देखाएका कारण यस्तो अवस्था आएको आरोप लगाएका छन्। उनीहरूले घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने माग गरेका छन्।

## सात वर्षदेखि अधुरै दुधमती पुल, ठेक्का रद्द गरेर नयाँ प्रक्रियाको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा निर्माण सुरु भएको सात वर्ष बितिसक्दा पनि दुधमती खोलाको पक्की पुलले पूर्णता पाउन सकेको छैन। ठेकेदारले लामो समयसम्म काम अघि नबढाएपछि सडक डिभिजन कार्यालय जनकपुरधामले ठेक्का सम्झौता नै रद्द गरेको छ । जनकपुरधाम उपमहानगरपालिकाअन्तर्गत ढल्केबर–जनकपुर–जटही ६ लेन सडकखण्डमा पर्ने यो पुल निर्माण नहुँदा सञ्चालनमा आइसकेको ६ लेन सडकको सहज आवागमनमा समेत अवरोध पुगेको छ । जनकपुरधामलाई भारतसँग जोड्ने महत्वपूर्ण नाकासम्मको यातायात, व्यापार तथा धार्मिक पर्यटनका दृष्टिले समेत यो सडकखण्डलाई महत्वपूर्ण मानिन्छ ।

बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# देउवाको फिर्ती:
# इतिहाससँगको अन्तिम परीक्षा

भाद्र २३ र २४ को राजनीतिक उथलपुथलपछि देशको राजनीतिबाट एकाएक टाढिएका पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाको स्वदेश फिर्ती केवल एउटा नेताको घरवापसीको घटना होइन। कांग्रेसको भविष्य, आन्तरिक लोकतन्त्र र देउवाको आफ्नै राजनीतिक उत्तराधिकारसँग जोडिएको एउटा निर्णायक क्षण हो। विशेषतः कांग्रेसको आधिकारिकता विवाद पुनः सर्वोच्च अदालतको ढोकासम्म पुगेको, असन्तुष्ट पक्षले राष्ट्रिय भेला आयोजना गरेको र देउवाको फिर्ती एकै समय आसपास हुनुले स्वाभाविक रूपमा अनेक राजनीतिक प्रश्न जन्माएको छ। देउवा नेपालको राजनीतिको सामान्य पात्र होइनन्। लोकतन्त्रका लागि लामो संघर्ष गरेका, पटकपटक प्रधानमन्त्री बनेका र नेपाली कांग्रेसलाई लामो समय नेतृत्व गरेका व्यक्ति भएकाले उनको प्रत्येक राजनीतिक निर्णयको प्रभाव पार्टीको सीमाभन्दा बाहिर राष्ट्रिय राजनीतिसम्म पुग्छ। त्यसैले उनको स्वदेश फिर्तीलाई केवल व्यक्तिगत स्वास्थ्यलाभपछि भएको यात्रा समाप्तिका रूपमा बुझ्नु पर्याप्त हुँदैन। प्रश्न मुख्यत एउटै हो 'देउवा अब कांग्रेसलाई जोड्न फर्किएका हुन् कि पुनः पुरानै गुटगत घेराबन्दीको केन्द्र बन्न ?' यही प्रश्नको उत्तरले उनको राजनीतिक जीवनको अन्तिम अध्याय निर्धारण गर्नेछ।

देउवाको राजनीतिक यात्रामा उपलब्धिहरू धेरै छन्, कमजोरीहरू पनि कम छैनन्। तर अहिलेको सबैभन्दा ठूलो चुनौती विगतका गल्तीहरूको हिसाबकिताब मात्र होइन, भविष्यप्रति उनको दृष्टिकोण के हुन्छ भन्ने हो। विशेष महाधिवेशन, त्यसको बहिष्कार र त्यसपछिको आधिकारिकता विवादले कांग्रेसभित्रको आन्तरिक लोकतन्त्रलाई गम्भीर परीक्षामा उभ्याएको छ।

बहुमत र अल्पमतको लोकतान्त्रिक विधिलाई स्वीकार नगर्ने प्रवृत्तिले पार्टीलाई झन् गहिरो अविश्वासतर्फ धकेल्न सक्छ। विशेष महाधिवेशनबाट बनेको नयाँ नेतृत्वले असन्तुष्ट पक्षलाई पूर्ण रूपमा निषेध गर्ने बाटो नलिई निर्वाचनमा सहभागी गराउने, केन्द्रीय कार्यसमिति विस्तार तथा संसदीय गतिविधिमा समेट्ने प्रयास गरेको विवरणले पनि एउटा राजनीतिक सन्देश दिन्छ कांग्रेसभित्र प्रतिस्पर्धा हुन सक्छ, तर सहअस्तित्वको ढोका बन्द हुनुहुँदैन। यस्तो अवस्थामा देउवाले कुन बाटो रोज्छन्? यही नै निर्णायक प्रश्न हो। देउवालाई फेरि कुनै एउटा समूहको राजनीतिक हतियार बनाउने प्रयास भयो भने त्यसले न देउवाको सम्मान बढाउँछ, न कांग्रेसको समस्या समाधान गर्छ। बरु उनको नाम र इतिहासलाई आफ्नो स्वार्थका लागि प्रयोग गर्ने घेराले उनलाई पार्टीको अभिभावक होइन, एउटा गुटको संरक्षकमा सीमित पार्नेछ। लामो समयसम्म सत्ताको वरिपरि रहेर लाभ लिएका व्यक्तिहरूको स्वार्थ र सिङ्गो कांग्रेसको आवश्यकता एउटै हुँदैन।

देउवाले यही अन्तर बुझ्नुपर्ने समय आएको छ। कांग्रेसको इतिहासले पनि यही पाठ सिकाउँछ। बीपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईजस्ता शीर्ष नेताहरू पार्टीका विभिन्न निर्णयसँग असन्तुष्ट भए, फरक मत राखे, आफ्नै ढंगले संघर्ष गरे, तर नयाँ पुस्तामाथि अविश्वास गरेर पार्टीभित्र स्थायी विग्रहलाई संस्थागत गर्ने बाटो रोजेनन्। आज देउवाका अगाडि पनि इतिहासले त्यस्तै जिम्मेवारी राखेको छ। देउवाले चाहेको खण्डमा अझै पनि कांग्रेसभित्र संवादको वातावरण बनाउन सक्छन्। विशेष महाधिवेशनलाई स्वीकार वा अस्वीकार गर्ने कानुनी र राजनीतिक बहस आफ्नो ठाउँमा छन्। अदालतले गर्ने निर्णय पनि आफ्नो ठाउँमा छ। तर पार्टीको भविष्य केवल कानुनी फैसलाले निर्धारण गर्दैन। राजनीतिक परिपक्वता, सहमति र पुस्तान्तरणलाई स्वीकार गर्ने साहस उत्तिकै आवश्यक हुन्छ। आज देउवाका अगाडि दुई बाटा छन्। पहिलो, असन्तुष्ट समूहको दबाब र पुरानै शक्ति संरचनाको संरक्षण गर्दै कांग्रेसभित्रको संघर्षलाई अझ लम्ब्याउने। दोस्रो, आफ्नो व्यक्तिगत वा गुटगत स्वार्थभन्दा माथि उठेर नयाँ पुस्तालाई ठाउँ दिने, सबै पक्षलाई संवादमा ल्याउने र आफूलाई सिङ्गो कांग्रेसको अभिभावकका रूपमा स्थापित गर्ने। दोस्रो बाटो कठिन छ, तर इतिहासमा सम्मानित हुने बाटो पनि त्यही हो।

शेरबहादुर देउवाको लामो राजनीतिक जीवनको क्यानभासमा अन्तिम स्ट्रोक अब अरू कसैले होइन, स्वयं उनले लगाउनेछन्। उनी लोकतान्त्रिक विरासतलाई बलियो बनाउने अभिभावकका रूपमा सम्झिइन्छन् कि आफ्नै घेराको दबाबमा पार्टीभित्रको विभाजन गहिर्याउने नेताका रूपमा यसको जवाफ उनको आगामी राजनीतिक व्यवहारले दिनेछ। देउवाको स्वदेश फिर्ती साँच्चिकै कांग्रेसका लागि नयाँ संवाद, मेलमिलाप र राजनीतिक परिपक्वताको सुरुआत बन्नुपर्छ। यदि यो फिर्ती फेरि गुटगत सत्ता संघर्षको अर्को अध्याय मात्र बन्यो भने त्यो केवल कांग्रेसको दुर्भाग्य हुनेछैन, देउवाको सुदीर्घ राजनीतिक जीवनमाथि पनि एउटा अनावश्यक र दुःखद प्रश्नचिह्न हुनेछ। इतिहासले उनलाई फेरि एकपटक अवसर दिएको छ। अब देउवाले इतिहासको कसीमा आफूलाई कति ठूलो सावित गर्छन्, त्यसको उत्तर अब उनको आफ्नै हातमा छ।

# मनसुनसँगै बर्सेनि दोहोरिने चट्याङको त्रास

**सङ्गीता राई**

**सुनसरी।**
गत असार १३ गते मध्यरात मुसलधारे पानी परिरहेको थियो। इलामको सुन्दर गाउँ रोङ गाउँपालिका–६, सलकपुरका ८८ वर्षीय कालुवीर मोक्तानको चट्याङ लागेर मृत्यु भयो। जीवनको लामो यात्रा पार गरिसकेका मोक्तानका लागि त्यो रातको चट्याङ 'काल' बनेर आयो। राति मुसलधारे पानी परिरहेको समय काठको बेरा र टिनको छानो भएको आफ्नो दुईतले घरको बरन्डामा बसिरहेका मोक्तान रातको करिब १:०० बजे अचानक आकाश थर्कियो वर्षासँगै आकाशबाट खसेको त्यही चट्याङको चपेटामा परेर घटनास्थलमै उहाँको मृत्यु भयो। त्यसैगरी, गत असार १४ गते संखुवासभाको मकालु गाउँपालिका–१, चिर्खाङमा चट्याङ लागेर ३९ वर्षीया कुमारी राईको पनि मृत्यु भयो। ठूलो वर्षा र हावाहुरी चलिरहेका बेला घरमा रहेको मिटर बक्स बन्द गर्ने क्रममा चट्याङ लागेर उहाँ गम्भीर घाइते हुनुभएको थियो। उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र नुमतर्फ लैजाँदै गर्दा बाटोमै उहाँको मृत्यु भयो। यी घटनाहरु केही उदाहरण मात्र हुन्। जब नेपालमा वर्षायाम सुरु भएसँगै आकाशमा काला बादल मडारिन थाल्छ, सहरबजारभन्दा गाउँघरमा चट्याङको डर र त्रास पैदा हुन थाल्छ। बाढी र पहिरोजस्ता आँखाले देखिने विपद्को चर्चा धेरै भए पनि कुनै पूर्वसङ्केत बिना आकाशबाट खस्ने चट्याङले हरेक वर्ष दर्जनौँको ज्यान लिने गरेको छ भने करोडौँ धनजनको क्षति हुने गर्दछ। नेपालमा बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को चर्चा सधैँ अग्रपङ्क्तिमा हुन्छ तर तथ्याङ्क पल्टाएर हेर्ने हो भने यी ठूला र दृश्य विपद्भन्दा शान्त र अदृश्य रूपमा आउने 'चट्याङ' नेपालका लागि उत्तिकै घातक बन्दै गएको देखिन्छ। वर्षा सुरु हुनासाथ आकाशमा चम्किने बिजुली र त्यससँगै आउने गर्जन धेरैका लागि सामान्य प्राकृतिक घटना हुन् तर यही प्राकृतिक घटना केही सेकेन्डमै ज्यान लिने 'अदृश्य काल' बन्ने गरेको छ। विशेषगरी मनसुनको समयमा कोशी प्रदेशका पहाडी तथा तराई जिल्लामा चट्याङका घटना बढ्ने गरेका छन्। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ देखि चालु आवमा २०८२/८३ को असार सम्ममा चट्याङका कारण प्रदेशमा ६६ नागरिकले ज्यान गुमाइसकेका छन् भने २१८ जना घाइते भएका छन्। मृत्यु हुनेमध्ये ४४ पुरुष र २२ महिला रहेका छन्। घाइतेमध्ये ११५ पुरुष र १०३ महिला छन्। पुरुषहरु बाहिरी काममा बढी संलग्न रहने भएकाले महिलाको तुलनामा पुरुष बढी चट्याङको जोखिममा पर्ने गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले बताउनुभयो। कार्यालयका अनुसार आव २०७८/७९ मा १५ जनाको मृत्यु भएको छ। आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १८ जना तथा चालु आव २०८२/८३ को असार २५ गतेसम्म नौ जनाको चट्याङका कारण मृत्यु भएको छ। कोशी प्रदेशमा पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्क अनुसार चट्याङका घटनाबाट घाइतेको विवरण हेर्दा सबैभन्दा बढी ओखलढुङ्गामा पाँच वर्षको अवधिमा ४३ जना घाइते भएका छन्। त्यसैगरी, भोजपुरमा ४० जना, उदयपुरमा ३३ जना, खोटाङमा २७ जना र ताप्लेजुङमा १९ जना घाइते भएका छन्। त्यस्तै, झापा र सुनसरीमा १३/१३ जना, धनकुटामा नौ जना, पाँचथर र मोरङमा आठ÷आठ जना तथा सोलुखुम्बुमा छ जना घाइते भएका छन्। इलाम, तेह्रथुम र सङ्खुवासभामा भने उक्त अवधिमा चट्याङबाट घाइते भएको विवरण शून्य रहेको तथ्याङ्कमा उल्लेख छ। पाँच वर्षको अवधिमा कोशी प्रदेशमा २१८ जना घाइते भएका छन्। चट्याङले विशेषगरी पहाडी जिल्लामा बढी प्रभाव पारिरहेको छ। मानिस मात्र होइन, चट्याङले पशुधन र भौतिक संरचनामा पनि ठूलो क्षति पुर्याउने गरेको छ। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता थापाका अनुसार पाँच वर्षको अवधिमा चट्याङका कारण एक हजार ३२ वटा पशुचौपाया मरेका छन् भने चट्याङका कारण लागेको आगलागीबाट प्रदेशका १७० वटा घर तथा गोठ जलेर नष्ट हुँदा रु तीन करोड ७२ लाख ६५ हजार ३५० बराबरको क्षति भएको छ। नेपालमा वर्षायाम सुरु हुनासाथ रेडियो, पत्रपत्रिका, अनलाइनदेखि टेलिभिजनसम्म बाढी र पहिरोकै चर्चा र बहस बढी सुनिन्छ तर आफ्नै घरभित्र सुरक्षित बसिरहेका सर्वसाधारणले चट्याङका कारण बर्सेनि ज्यान गुमाउनु परिरहेको तीतो यथार्थ ओझेलमा पर्ने गरेको छ। सहरको तुलनामा ग्रामीण बस्तीहरू चट्याङको उच्च जोखिम हुने गरेको छ। गाउँघरमा प्रायः घरहरू काठ र टिनले बनेका हुन्छन्, जहाँ चट्याङबाट बच्ने 'अर्थिङ' (सुरक्षा प्रविधि) जडान गरिएको हुँदैन। पहाडी भेगका स्थानीय बासिन्दामा यसबारे न त पर्याप्त सचेतना नै छ। यस्तो अवस्थामा आकाशबाट खस्ने बिजुलीको एउटै झट्काले परिवारको ओत लाग्ने ठाउँ मात्र उजाड बनाउँदैन, घरका सदस्य नै सधैँका लागि खोसेर लैजान्छ। जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ विभागीय मौसमविद् विभूति पोख्रेलले पछिल्ला केही वर्षयता मौसममा देखिएको अस्थिरता र जलवायु परिवर्तनको प्रभावका कारण मेघगर्जनसहित चट्याङका घटना बढ्दो क्रममा देखिएको बताउनुभयो। ''मनसुन तथा प्रि–मनसुन अवधिमा मौसममा अचानक परिवर्तन भई मेघगर्जन, हावाहुरी र वर्षासँगै चट्याङ पर्ने सम्भावना उच्च रहने भएकाले विशेष सतर्कता आवश्यक हुन्छ।'', उहाँले भन्नुभयो। चट्याङ प्राय खुला स्थानमा रहेका मानिसलाई बढी प्रभावित गर्छ। खेतबारीमा कृषि कार्य गरिरहेका किसान, पशुचौपाया चराइरहेका गोठाला, जङ्गलमा घाँस दाउरा सङ्कलन गर्न गएका स्थानीय तथा खुला चौर, डाँडाकाँडा वा नदीकिनारमा रहेका व्यक्तिहरू बढी जोखिममा पर्ने गरेको उहाँको भनाइ छ। ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अधिकांश काम खुला वातावरणमै हुने भएकाले चट्याङबाट हुने मानवीय क्षति पनि पहाडी भेगका ग्रामीण क्षेत्रहरुमा तुलनात्मक रूपमा बढी देखिने गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, ''मौसम खराब हुने सङ्केत देखिन साथ खुला स्थानबाट सुरक्षित आश्रयमा जानुपर्छ, अग्ला रुखमुनि बस्न हुन्न, बिजुलीका पोल, टेलिफोनका तार, ट्रान्सफर्मर तथा अन्य धातुजन्य संरचनाबाट टाढा रहन सके चट्याङको जोखिम कम हुन्छ।'' सकेसम्म पक्की भवनभित्र बस्ने, झ्याल–ढोका बन्द गर्ने, विद्युतीय उपकरणको अनावश्यक प्रयोग नगर्ने तथा मौसमसम्बन्धी सूचना र पूर्वानुमान नियमित रूपमा पछ्याउने बानी बसाल्नुपर्ने उहाँको सुझाव छ। चट्याङबाट हुने क्षति न्यूनीकरणका लागि व्यक्तिगत सावधानी मात्र पर्याप्त भने हुँदैन। विद्यालय, स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायले नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, चट्याङबाट बच्ने उपायबारे नागरिकलाई जानकारी गराउनु तथा मौसमसम्बन्धी पूर्वसूचना प्रभावकारी रूपमा स्थानीयस्तरसम्म पुर्याउनसके मानवीय तथा भौतिक क्षति घटाउन सकिने मौसमविद् पोख्रेलको भनाइ छ।

- **अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' आवश्यक**

चट्याङ कहाँ, कहिले, कति पटक र कति तीव्रतासहित परेको थियो भन्ने वैज्ञानिक अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' अपरिहार्य मानिन्छ। कोशी प्रदेशमा यस्तो प्रणाली प्रभावकारी रूपमा सञ्चालनमा नहुँदा चट्याङका घटनाको विस्तृत र वैज्ञानिक अभिलेख राख्न चुनौती रहेको छ। जल तथा मौसम विज्ञान कार्यालय धरानका सूचना अधिकारी रूपक थापाका अनुसार प्रदेशभर चट्याङको स्थान, समय, आवृत्ति र तीव्रता मापन गरी अभिलेख राख्ने प्रणाली हाल सञ्चालनमा छैन। उहाँका अनुसार कोशी प्रदेशमा अहिले विराटनगर विमानस्थलमा रहेको 'लाइटनिङ डिटेक्टर'बाट मात्रै सीमित रूपमा विवरण प्राप्त हुने गरेको छ। विमानस्थलको हवाई सेवा सञ्चालनसँग सम्बन्धित प्रयोजनका लागि जडान गरिएको उक्त उपकरणले विमानस्थल सञ्चालन अवधिमा मात्र रेकर्ड गर्ने भएकाले प्रदेशभरका चट्याङका घटनाको समग्र विवरण सङ्कलन गर्न पर्याप्त नरहेको उहाँको भनाइ छ। लाइटनिङ डिटेक्टर उपकरण धरानमा पनि छ तर धरानमा रहेको लाइटनिङ डिटेक्टर उपकरण केही वर्षअघिसम्म सञ्चालनमा रहे पनि अहिले बिग्रेको अवस्थामा रहेको छ। आवश्यक मर्मत तथा स्तरोन्नति हुन नसक्दा उपकरण पुनः सञ्चालनमा आउन सकेको छैन। थापा भन्नुहुन्छ, ''धरान कार्यालयमा रहेको लाइटनिङ डिटेक्टर लामो समयदेखि बिग्रिएको कारण अहिले कोशी प्रदेशमा विराटनगर विमानस्थलबाहेक अन्यत्र चट्याङ मापन गर्ने प्रभावकारी प्रणाली छैन।''

कोशी प्रदेशमा चट्याङका अधिकांश घटना प्रि–मनसुन र मनसुन अवधिमा हुने गरेका छन्। तर, प्रदेशका कुन क्षेत्रमा, कुन समयमा, कति पटक र कति तीव्रतासहित चट्याङ पर्यो भन्ने तथ्याङ्क नियमित रूपमा सङ्कलन गर्ने प्रणाली नहुँदा वैज्ञानिक अध्ययन तथा जोखिम विश्लेषण गर्न कठिनाइ भइरहेको छ। दैनिक, मासिक वा वार्षिक रूपमा चट्याङको अभिलेख राख्ने व्यवस्था छैन। कुन जिल्ला बढी प्रभावित भयो, जोखिमको प्रवृत्ति कस्तो छ भन्ने विषयमा विस्तृत विश्लेषण गर्न पनि कठिन हुने गरेको उहाँले बताउनुभयो। थापाका अनुसार चट्याङको वैज्ञानिक अभिलेखले जोखिमयुक्त क्षेत्र पहिचान, पूर्वसूचना प्रणालीको विकास, विपद् व्यवस्थापन योजना निर्माण तथा जनधनको क्षति न्यूनीकरणका लागि महत्वपूर्ण आधार प्रदान गर्छ। त्यसैले प्रदेशका विभिन्न जिल्लामा लाइटनिङ डिटेक्सन नेटवर्क विस्तार गरी त्यसलाई नियमित सञ्चालनमा ल्याउन सके चट्याङसम्बन्धी तथ्याङ्क सङ्कलन, अनुसन्धान तथा पूर्वतयारीका काम अझ प्रभावकारी हुने उहाँको भनाइ छ। रासस

# म्याग्दीबाट सेवाग्राही खोज्दै पोखरा झरे जनप्रतिनिधि र कर्मचारी

**कृष्ण दवाडी**



**कास्की।**
हलको एक कुनामा ह्विलचियरमा बसिरहनुभएको थियो हितमान छन्त्याल। हातमा थियो नागरिकता र सामाजिक सुरक्षा भत्ताको परिचयपत्र। कर्मचारीले नजिक आउन इसारा गरेपछि उहाँ ह्विलचियरमै बिस्तारै बोलाइएको स्थानमा जानुभयो। आफ्नो विवरण जाँच गराउनुभयो, कागजात रुजु भयो र केहीबेरमै काम सकियो। काम पूरा भएपछि उहाँको अनुहारमा देखिएको खुसीले लामो यात्राको झन्झटबाट मुक्ति पाएको अनुभूति गराएको थियो। म्याग्दीको धवलागिरि गाउँपालिका–५ स्थायी घर भएका छन्त्याल हाल पोखरा–१६, दीपमा बस्दै आउनुभएको छ। उहाँले विसं २०५६ देखि शारीरिक अशक्तताका आधारमा सामाजिक सुरक्षा भत्ता पाउँदै आउनुभएको छ। प्रत्येक आर्थिक वर्षको सुरुआतमा सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण गर्नुपर्ने भएकाले उहाँ बुधबार बिहान पोखराको नदीपुरस्थित छन्त्याल समाजको भवनमा पुग्नुभएको थियो। यसपटक भने उहाँलाई आफ्नो गाउँ फर्किनु परेन। धवलागिरि गाउँपालिकाले पोखरामै आएर सामाजिक सुरक्षा भत्ता नवीकरणलगायतका सेवा उपलब्ध गराएपछि छन्त्यालजस्ता धेरै सेवाग्राहीका लागि गाउँसम्म पुग्नुपर्ने बाध्यता हटेको हो।

''बर्खाको समय, बाटो पनि अप्ठ्यारो। आउन जान खर्च पनि बढी लाग्ने, दुःख हुने गर्थ्यो तर अहिले पोखरामै बसेर आफ्नो काम पूरा गर्न पाइयो। अत्यन्त खुसी छु,'' छन्त्यालले भन्नुभयो।

गाउँपालिकाको सेवा बसोबास भएको सहरमा पाएपछि अन्य सेवाग्राही पनि उत्साहित देखिन्थे। पोखरा–१९ लामाचौरमा बस्दै आउनुभएकी सुनकुमारी विकले ससुराको सामाजिक सुरक्षा भत्ता नवीकरण पोखरामै एकै दिनमा गर्न पाउँदा समय र खर्च दुवै बचत भएको बताउनुभयो। ''गाउँ जान धेरै समय लाग्थ्यो। यहींबाटै बनाउन पायौँ, खुसी छौँ,'' उहाँले भन्नुभयो। धवलागिरि गाउँपालिकाले पोखरामा अस्थायी रूपमा बसोबास गर्दै आएका आफ्ना नागरिकलाई लक्षित गरी सेवा शिविर सञ्चालन गरेको हो। सुरुमा एक दिनका लागि आयोजना गरिएको शिविरमा सेवाग्राहीको चाप बढेपछि गाउँपालिकाले सेवा प्रवाहको समय थपेको छ। गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनका अनुसार पोखरामा अस्थायी रूपमा बसोबास गर्दै आएका पालिकावासीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो। शिविरमार्फत सामाजिक सुरक्षा भत्ता नवीकरणदेखि पञ्जीकरण सेवा प्रदान गरिएको छ। सामाजिक सुरक्षा भत्ताका लागि गाउँपालिकामा नाम दर्ता भएका तर हाल पोखरा तथा आसपासका क्षेत्रमा बसोबास गरिरहेका ज्येष्ठ नागरिक, अशक्त तथा बिरामी लाभग्राहीलाई विशेष गरी बर्खाको समयमा गाउँसम्म पुगेर सेवा लिन कठिन भएकाले जनप्रतिनिधि र कर्मचारी सहर झरेर सेवा दिन थालेको अध्यक्ष पुनले बताउनुभयो।

''धवलागिरि गाउँपालिका स्थायी घर भएर हाल पोखरामा बसोबास गरिरहनुभएका र बसाइँसराइ नगर्नुभएका नागरिकलाई घरदैलोमै सेवा दिने उद्देश्यले कार्यक्रम आयोजना गरेका हौँ। सामाजिक सुरक्षा भत्ता नवीकरणसँगै वडामा हुने पञ्जीकरणका काम शिविरबाट प्रदान गरेका छौँ,'' गाउँपालिका अध्यक्ष पुनले भन्नुभयो। गाउँपालिकाबाट प्रदान हुने सेवा तथा सुविधाबाट कुनै पनि नागरिक वञ्चित हुन नपरोस् भन्ने उद्देश्य रहेको उहाँको भनाइ छ। आवश्यकताअनुसार गाउँपालिकाले कतिपय सेवाग्राहीको घर तथा अस्पतालमै पुगेर सेवा प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो। गाउँपालिकाका अनुसार पोखरामा दुई दिनसम्म सञ्चालन हुने शिविरबाट २५० भन्दा बढी सेवाग्राही लाभान्वित हुने अपेक्षा गरिएको छ। गाउँमा रहेको स्थानीय सरकारको सेवा लिन गाउँ नै पुग्नुपर्ने बाध्यताबीच सहरमै सेवा पाएपछि धवलागिरि स्थायी घर भई पोखरामा बस्दै आएकालाई शिविरले थप सहज बनाएको वडा नं ७ का वडाध्यक्ष अशोक खत्री बताउनुहुन्छ। विशेषगरी ज्येष्ठ नागरिक, अपाङ्ता भएका व्यक्ति, अशक्त तथा बिरामीका लागि बर्खाको कठिन यात्राबाट जोगाउँदै नजिकैबाट सरकारी सेवा उपलब्ध गराउन सफल भएको खत्रीले बताउनुभयो। ''गाउँपालिकाले यसरी सहरमा आएर सेवा दिन थालेपछि पोखरा तथा काठमाडौँमा बसाइँसराइ गरेर जाने क्रम घटेको छ। गाउँमा बस्ने मानिस घटे पनि बसाइँसराइ रोकिएको छ,'' खत्रीले भन्नुभयो। पोखरामा सेवा दिनका लागि धवलागिरिका सात वटै वडाका वडाध्यक्ष, वडा सचिव, जनप्रतिनिधिहरु तथा कर्मचारी आएका छन्। म्यादीका स्थानीय तहले सुरु गरेको यो अभियान उदाहरणीय रहेको भन्दै प्रशंसा भएको छ। रासस

## बालुवा गिट्टी तस्करीको आरोपमा
# ४ वटा टयाक्टर प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने भेडाहा खोलाबाट बालुवा र गिट्टी चोरी–तस्करी गरेको आरोपमा प्रहरीले चार वटा ट्याक्टर नियन्त्रणमा लिएको छ।
पर्सागढी नगरपालिका वडा नम्बर ३ को वन क्षेत्रबाट बालुवा र गिट्टी लोड गरी लैजाँदै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय पेटेर्वा सुगौलीको टोलीले दुई दिनमा चालकसहित चार वटा ट्याक्टर नियन्त्रणमा लिएको हो । प्रदेश २–००२–००१ त ६१३७,प्रदेश २–००३–००१ त १७१० ,ना ६ त ७३५५ र नम्बर प्लेट नखुलेको अर्को एक गरी चार वटा ट्याक्टर नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।
भेडाहा खोला क्षेत्रबाट दैनिक रूपमा अवैध रूपमा उत्खनन गरिएको बालुवा र गिटी मुसैलीमा रहेको क्रसर उद्योगमा लैजाने गरिएको विशेष सूचना पाएपछि प्रहरीले त्यसक्षेत्रमा निगरानी र सक्रियता बढाएको छ।




# प्रहरी र समुदायबीचको सहकार्य थप प्रभावकारी बनाइने: प्रउ भट्टराई

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले प्रहरी र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै नकारात्मक गतिविधि तथा प्रवृत्तिलाई समाजबाट न्यूनीकरण गर्नुपर्नेमा जोड दिए ।
सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर–मुर्लीद्वारा विहीवार आयोजित भेटघाट तथा परिचय कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी उपरिक्षक भट्टराईले यसरी जोड दिएका हुन् । प्रहरी उपरिक्षक भटटराइले शान्ति, सुरक्षा तथा सकारात्मक सामाजिक वातावरण निर्माणमा प्रहरीसँगै समुदायको भूमिका पनि महत्वपूर्ण हुने उल्लेख गर्दै सामाजिक हितका कार्यमा सक्रिय सहभागिता जनाउन सबैलाई आग्रह गरे ।
समुदायबाट प्राप्त सूचना तथा सहयोगले अपराध नियन्त्रण र सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुग्ने उनको भनाई थियो । सामुदायिक सेवा केन्द्र श्रीपुर–मुर्लीका अध्यक्ष राम सर्राफको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका पदाधिकारी, स्थानीय वडाबासी, बुद्धिजीवी तथा नागरिक अगुवाहरूको सहभागिता थियो ।

# ब्लड क्यान्सर पीडित बालिकाको उपचारका लागि सहयोग संकलन

**मधेशदृष्टि**
**सर्लाही ।**
ब्लड क्यान्सर पीडित छ वर्षीया बालिका सुदीक्षा मगरको उपचारका लागि सहयोग जुटाउने उद्देश्यले सर्लाहीको हरिवन नगरपालिका –८, का स्थानीय आर्थिक सहयोग जुटाउन लागिपरेका छन् ।
आर्थिक अवस्था कमजोर रहेको मगर परिवारलाई सुदीक्षाको उपचारमा आर्थिक समस्या पर्न थालेपछि गाउँका केही अगुवा मिलेर सहयोग सङ्कलन अभियान चलाएका हुन् ।
'सुदीक्षा मगर बचाउँ अभियान' सुरु गरेको तेस्रो दिन बुधबारसम्म एक लाख दुई हजार ३७० रुपियाँ सङ्कलन भइसकेको र बिहीबार बिहानदेखि अभियानलाई पुनः निरन्तरता दिइएको अभियानमा सक्रिय हरिवन –८ कै स्थानीय चूडामणि वाग्लेले जानकारी दिए ।
स्थायी ठेगाना हरिवन नगरपालिका –२, अत्रौली भए पनि सुदीक्षा हरिवन नगरपालिका –८, डाँडाटोलस्थित मामाघरमा हजुरआमा गीता मगरसँग बस्दै आएकी थिइन् । ब्लड क्यान्सरपीडित सुदीक्षाको अहिले कान्ति बाल अस्पताल काठमाडौंमा उपचार जारी रहेको परिवारले जनाएको छ ।

# जिप्रका पर्सामा फिजियोथेरापी शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्सामा बिहीबार बिहान फिजियोथेरापी शिविर सम्पन्न भएको छ । नेपाल मेडिसिटी बयोधा हस्पिटलको आयोजनामा भएको शिविरमा पर्साका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईसहित १०० जनाभन्दा बढी प्रहरी कर्मी सहभागी थिए ।
लामो समयसम्म उभिएर वा एउटै अवस्थामा बसेर काम गर्नुपर्ने प्रहरी कर्मचारीमा देखिने शारीरिक समस्या तथा कार्यव्यस्तताका कारण उत्पन्न हुने मानसिक तनाव न्यूनीकरण गर्ने उद्देश्यले शिविर आयोजना गरिएको अस्पतालले जनाएको छ ।
शिविरमा नेपाल मेडिसिटी बयोधा हस्पिटलका वरिष्ठ फिजियोथेरापिस्ट डा. निरुपेन्द्र कुमार कर्णले प्रहरी कर्मचारीलाई शारीरिक व्यायाम गराउनुका साथै दैनिक कामका क्रममा देखिन सक्ने स्वास्थ्य समस्या र त्यसबाट बच्ने उपायबारे जानकारी दिएका थिए ।



# पहिरोमा मृत्यु हुनेको संख्या ७ पुग्यो

**मधेशदृष्टि**
**रोल्पा।**
अविरल वर्षापछिको पहिरोमा परेर रोल्पामा मृत्यु हुनेको संख्या सात पुगेको छ। रोल्पाको थवाङ गाउँपालिका–५ स्थित कोटलबारामा गएराति खसेको पहिरोमा परी मृत्यु हुनेको संख्या सात पुगेको छ भने अन्य ५जना अझै बेपत्ता छन्।
सशस्त्र प्रहरीका डीएसपी शैलेन्द्र थापाका अनुसार पहिरोमा परी मृत्यु हुनेहरूमा सोही ठाउँका १८ वर्षीया शान्ति पुन मगर, ६५ वर्षीय कमलबहादुर पुन मगर, ४० वर्षीया जुनकुमारी पुन मगर, ९ वर्षीय अशिम पुन मगर, ६ वर्षीय अशोक पुन मगर, ७५ वर्षीय दलबहादुर पुन मगर र ७१ वर्षीया मनरखी पुन मगर छन्।
पहिरोमा परी २२ वर्षीय हिमाल पुन मगर र २५ वर्षीय संजय घर्तीमगर घाइते भएका छन् । उनीहरू दुवै जनालाई स्वास्थ्य चौकी थवाङबाट थप उपचारका लागि बुटवलतर्फ पठाइएको छ।
पहिरोमा परी मृत्यु भएकामध्ये एक महिला र दुई पुरुषको शव प्यूठानको स्वर्गद्वारी नगरपालिका र माण्डवी गाउँपालिकास्थित माडी खोलाको किनारामा फेला परेको हो।
बेपत्ता हुनेमा सोही ठाउँका ८० वर्षीय अजम्बर पुन मगर, ७८ वर्षीय बलबहादुर पुन मगर, ७२ वर्षीय लिलबहादुर पुन मगर, ७१ वर्षीया मनि पुन मगर र ६७ वर्षीया हस्तकला पुन मगर छन्।
बेपत्ता भएकाहरूको खोजीका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोली खटिएको उनले बताए । वर्षा लगातार भइरहेका कारण लेदोसहितको पहिरो आइरहेको हुँदा उद्धार कार्यमा कठिनाइ भएको उनको भनाइ छ।

# विहान ९ बजेदेखि कार्यालय संचालन भएदेखि सेवा सहज, कर्मचारीको मनोबल र कार्यक्षमतामा वृद्धि

**मधेशदृष्टि**
**काठमाडौं।**
सरकारी कार्यालय बिहान ९ बजेदेखि सञ्चालन हुने व्यवस्थाले नागरिकलाई सार्वजनिक सेवा लिन सहज हुनुका साथै कर्मचारीको मनोबल र कार्यक्षमतामा समेत सकारात्मक प्रभाव परेको सरकारले जनाएको छ।
बिहीबार राष्ट्रिय सभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नको उत्तर दिँदै कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले कार्यालय समय परिमार्जनपछि सार्वजनिक सेवा प्रवाह थप चुस्त र सहज बनेको दाबी गरिन् । उनले प्रधानमन्त्रीको तर्फबाट जवाफ प्रस्तुत गर्दै बिहानै कार्यालय खुल्दा सेवाग्राहीहरूले दिनको सुरुवाती समयमै निकायहरूमा पहुँच पाएको र यसले नागरिकको समय व्यवस्थापनमा ठूलो सहयोग पुगेको उल्लेख गरिन्।
यद्यपि, राष्ट्रिय सभा बैठकमा सांसदहरुले दुई दिने बिदाका कारण शिक्षा, व्यापार र सरकारी सेवा प्रभावित भएको भन्दै पुनः पुरानै एक दिने बिदा प्रणालीमा फर्कनुपर्ने धारणा व्यक्त गरेका थिए।

# 'युवा पुस्ताले चाहेको परिवर्तन प्रविधि, उद्यमशीलता र अवसर हो'

**नारायणगढ।**
चितवनका युवाले उद्यमशीलतालाई राजनीतिसंग जोड्नुपर्नेमा जोड दिएका छन् । अन्तरराष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चितवनद्वारा आयोजित कार्यक्रममा 'मेरो पुस्ताको राजनीति कस्तो हुनुपर्छ ?' विषयमा युवाबीच वक्तृत्वकला, 'कृषि उद्यमशीलता र युवा समृद्ध नेपालको आधार' विषयमा विचार–विमर्श तथा सांसदसँग युवा संवाद कार्यक्रका सहभागिको सो उद्यमशीलता विनाको राजनीतिले समृद्धि नआउने सुझाव थियो।
वक्तृत्वकलामा सहभागिता १० युवाले अब भाषणमा सीमित राजनीति नभई परिणाममुखी, प्रविधिमैत्री र उद्यमशील राजनीतिक संस्कार खोजेको धारणा व्यक्त गर्नुभयो। राजनीति जनताको सेवा गर्ने माध्यम बन्नुपर्ने जनाउँदै उहाँहरुले राजनीतिमा युवा सहभागिता मात्रै नभई नीति निर्माण र कार्यान्वयनमा समेत युवाको अर्थपूर्ण भूमिका सुनिश्चित गर्नुपर्ने बताउनुभयो । प्रविधिमैत्री सेवा, चुस्त प्रशासन, पारदर्शिता र जवाफदेहितालाई अहिलेको आवश्यकता भएको भन्दै राजनीति फोहोरी खेल नभई जनताको माया र विश्वास प्राप्त गर्ने माध्यम बन्नुपर्ने उहाँहरुको भनाइ थियो। 'जेनजी' पुस्ताले चाहेको परिवर्तन पनि प्रविधि, उद्यमशीलता र अवसरसँग जोडिएको उहाँहरुले बताउनुभयो।
राजनीतिमा सहभागिता मात्रै खोजेर नपुग्ने भन्दै नीति तथा नियम निर्माणमा समेत आफ्नो भूमिका स्थापित गर्नुपर्ने, राजनीतिमा पारदर्शिता, जवाफदेहिता, समावेशिता र सशक्तीकरणलाई प्राथमिकता दिनुपर्ने, प्रविधिको पहुँच सबै नागरिकसम्म पु¥याउनुपर्ने, आगामी पुस्तालाई सहयोग पुग्ने नीति बनाउनुपर्ने तथा सरकारलाई पूर्णरुपमा डिजिटल र पारदर्शी बनाउनुपर्ने, शिक्षा जीवनका समस्या समाधान गर्न सक्ने खालको हुनुपर्ने, अनुसन्धानमा लगानी बढाउनुपर्ने तथा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिनुपर्ने युवाहरुको माग थियो।
रोजगारीका लागि विदेशिनुपर्ने अवस्थाको अन्त्य गर्दै 'रेमिट्यान्स'मा मात्रै निर्भर नभई स्वदेशमै उद्यमशीलता र रोजगारीका अवसर सिर्जना गर्नुपर्ने सहभागी युवाहरुले धारणा राख्नुएको थियो। दश जना युवा सहभागिता रहेको वक्तृत्वकला प्रतियोगितामा अमृत ढकाल प्रथम, निरिता पौडेल द्वितीय र आयुस्मा श्रेष्ठ तृतीय हुनुभएको थियो । पत्रकार विवेक पोखरेलले कृषिविज्ञ डा भानेश्वर पोखरेल, भवानी डेरीका सञ्चालक सुवास पौडेल तथा चितवनमा सयपत्रीलगायत फूलको बगैँचाबाट सफल व्यवसाय सञ्चालन गर्दै आउनुभएकी सुजाता देवकोटासँग कृषि उद्यमशीलताका विषयमा विचार–विमर्श गर्नुभएको थियो।रासस

# १८४ वटा ग्यास सिलिन्डर लुकाएको अवस्थामा फेला

**मधेशदृष्टि**
**काठमाडौं।**
उद्योगमन्त्रीको सचिवालयले राजधानीको होटेल ¥याडिसनमा १८४ वटा ग्यास सिलिन्डर लुकाएर राखिएको अवस्थामा भेटिएको दाबी गरेको छ। तर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भने होटेलमा 'छापा' नमारिएको र नियमित अनुगमन मात्रै गरिएको जनाएको छ।
उद्योग मन्त्रालयको सचिवालयले बजारमा खाना पकाउने एलपीजी ग्यासको कृत्रिम अभाव सिर्जना भइरहेका बेला रेडिसन होटेलमा व्यावसायिक प्रयोजनका लागि अत्यधिक मात्रामा ग्यास सिलिन्डर भण्डारण गरिएको भेटिएको जनाएको छ । सचिवालयका अनुसार होटेल परिसरमा नेपाल ग्यासका ११७ वटा र एसटीसी ग्यासका ६७ वटा गरी कुल १८४ वटा सिलिन्डर लुकाएर राखिएको अवस्थामा भेटिएको हो।
यसबाहेक होटेलका विभिन्न भान्साका चुलोमा मात्रै थप करिब ७० वटा सिलिन्डर प्रयोग भइरहेको पनि सचिवालयले जनाएको छ।
उद्योग मन्त्रालयले अनुगमनका क्रममा अत्यावश्यक वस्तु ग्यासको अनधिकृत रूपमा ठूलो परिमाणमा भण्डारण गरिएको भन्दै होटेलमाथि प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइएको जनाएको छ । तर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी अनिल किराँतीले भने रेडिसनमा छापा नमारिएको स्पष्ट पारेका छन्।

# सिसिटिभी जडान गर्न र अभिलेख राख्न
## सर्वोच्च अदालतमा रिट दर्ता

**मधेशदृष्टि**
**काठमाडौं।**
नेपालभरका प्रहरी कार्यालय तथा हिरासत कक्षहरूमा अनिवार्य रूपमा सीसीटीभी क्यामेरा जडान गर्न र त्यसको अभिलेख सुरक्षित राख्न माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ।
कानुनका विद्यार्थी विवेक चौधरी सहितले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई बिहीबार रिट दायर गरेका हुन्। उक्त रिटको सुनुवाइ भोलि शुक्रबारका लागि पेसी तोकिएको छ । निवेदक चौधरीले नेपालभरका प्रहरी कार्यालय तथा हिरासतमा रहेका व्यक्तिहरूको अनुसन्धान गर्ने अधिकारी भएका सरकारी निकायका भवनहरूमा कुनै पनि भाग नछुट्ने गरी सीसीटीभी जडान गर्न माग गरेका छन्।
निवेदनमा रातको समयमा पनि स्पष्ट देखिने (नाइट भिजन), अडियो र भिडियो दुवै रेकर्ड हुने प्रविधि जडान गर्न र उक्त फुटेज कम्तीमा १२ देखि १८ महिनासम्म सुरक्षित राख्ने कानुनी व्यवस्था गर्न परमादेशको माग गरेको छ । साथै पक्राउ परेको समयदेखि नै डिजिटल अभिलेख राख्ने गरी एकीकृत मापदण्ड निर्माण गर्न समेत माग गरिएको छ।

# सात वर्षदेखि अधुरै दुधमती..........

स्थानीयका अनुसार पछिल्ला चार वर्षयता पुल निर्माणस्थलमा देखिने गरी कुनै काम भएको छैन । निर्माणका लागि राखिएका फलामे डण्डीमा खिया लागिसकेको छ भने वरिपरि झारपात उम्रिएर निर्माणस्थल सुनसान बनेको छ । त्यहाँ राखिएका जेसीबी, ट्र्याक्टर तथा ठूलो परिमाणमा फलामे सामग्रीसमेत लामो समयदेखि प्रयोगविहीन छन्। निर्माण सामग्रीको सुरक्षाका लागि चौकीदार राखिए पनि पुलको काम भने अघि बढ्न सकेको छैन। पुल निर्माण सुरु भएपछि आवागमन सहज बनाउन बनाइएको डाइभर्सन अहिले वर्षाको पानीले डुबानमा परेपछि पैदलयात्रु, साइकल र मोटरसाइकलसमेत जोखिमपूर्ण अवस्थामा आवतजावत गर्न बाध्य छन्।
पछिल्लो दुई–तीन सातादेखि डाइभर्सनमा पानीको सतह बढेपछि सामान्य आवागमनसमेत प्रभावित भएको स्थानीय बताउँछन् । पुल आसपासका विद्यालय तथा क्याम्पसमा जाने विद्यार्थीले समेत घुमाउरो बाटो प्रयोग गर्नुपरेको छ । स्थानीय मुकेश कापरका अनुसार केही समयअघिसम्म डाइभर्सनबाट आवतजावत गर्न सकिने भए पनि अहिले पानी जमेकाले त्यो विकल्पसमेत बन्द भएको छ । विद्यार्थी तथा सर्वसाधारणलाई गन्तव्यमा पुग्न थप दूरी तय गर्नुपर्ने बाध्यता रहेको उनले बताए।
डाइभर्सनको अवस्था र पुलतर्फको सडक बिग्रिएका कारण मोटरसाइकल चालकसमेत समस्यामा परेका छन् । बर्होवाबाट जनकपुरधामको जिरोमाइलतर्फ जाँदै गरेका अब्दुल सदाम पानी जमेको डाइभर्सन पार गर्ने क्रममा मोटरसाइकलबाट लडेका थिए । '६ लेनको सडक राम्रो बनेको छ। तर एउटा पुल नबन्दा त्यसको पूर्ण उपयोग गर्न कठिन भएको छ,' उनले भने, 'ठेक्का लिएर काम अधुरो छाड्ने निर्माण व्यवसायीलाई सरकारले कारबाही गर्नुपर्छ। अहिले जिरोमाइल पुग्न पनि घुमाउरो बाटोबाट थप तीन–चार किलोमिटर यात्रा गर्नुपर्छ।'
दुधमती खोलामा पुल निर्माणका लागि २०७६ जेठ २५ गते नागार्जुन हेम जेबीले १३ करोड ९५ लाख ६४ हजार ३ सय ३८ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार तोकिएको समयमा काम सम्पन्न हुन नसकेपछि पटकपटक म्याद थप गरिएको थियो। पछिल्लो पटक २०८२ माघ १७ गतेसम्म काम सक्ने समयसीमा दिइएको थियो । तर, थपिएको अवधिमा समेत निर्माण पूरा नभएपछि सडक डिभिजन कार्यालय जनकपुरधामले २०८३ असार २६ गते सूचना जारी गर्दै ठेक्का सम्झौता रद्द गरेको हो । सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख दारोगा प्रसादका अनुसार सम्झौता रद्द गरेपछि ठेकेदारबाट रकम असुलीका लागि अदालतमा मुद्दासमेत दायर गरिएको छ । उनका अनुसार पुल पुनः निर्माणका लागि आवश्यक लागत अनुमान तयार गरी सम्बन्धित निकायमा पठाइसकिएको छ। मन्त्रालयस्तरबाट प्रक्रिया अघि बढिरहेको र आगामी असोजभित्र नयाँ ठेक्का आह्वान गर्ने तयारी रहेको उनले बताए। 'पुलको अनुगमन र निरीक्षण गरेर लागत अनुमान तयार गरी माथिल्लो निकायमा पठाइसकेका छौँ । मन्त्रालयबाट प्रक्रिया अघि बढिरहेको छ । सम्भवतः असोजभित्र नयाँ ठेक्का लाग्छ,' उनले भने।

### धनुषामा ६ वटा ठेक्का रद्द

सडक डिभिजन कार्यालय जनकपुरधामका अनुसार तोकिएको समयमा काम सम्पन्न नगरी आयोजना अलपत्र पार्ने निर्माण कम्पनीका धनुषामा मात्रै ६ वटा ठेक्का सम्झौता रद्द गरिएको छ । नागार्जुन हेम जेबीका तीनवटा ठेक्का रद्द भएका छन्। यस्तै, सडक तथा पुल सुधारको जिम्मेवारी पाएका स्काई कन्ट्रक्सन एन्ड सप्लायर्स, बाबा बुद्धेश्वरनाथ कन्ट्रक्सन कम्पनी र चुरे कन्ट्रक्सन एन्ड सप्लायर्सका ठेक्का पनि रद्द गरिएको कार्यालयले जनाएको छ । रद्द भएका आयोजनालाई पुनः ठेक्का प्रक्रियामा लैजाने तयारी भइरहेको छ । कार्यालयले असोजभित्रै नयाँ ठेक्का प्रक्रियालाई अघि बढाउने जनाएको छ । वर्षौँसम्म आयोजना अलपत्र पर्दा राज्यको ठूलो लगानी निष्प्रभावी हुने मात्र होइन, निर्माणाधीन पूर्वाधारबाट लाभ लिनुपर्ने स्थानीयले समेत सास्ती खेप्नुपरेको छ । नयाँ ठेक्का प्रक्रिया समयमै अघि बढाएर दुधमती पुल निर्माणलाई गति दिनुपर्ने स्थानीयको माग छ।

# विद्युत् आपूर्ति नियमित गर्न आग्रह

**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय पर्साले विद्युत् आपूर्ति तथा इन्टरनेट सेवा प्रदायक संस्थालाई आफना सेवा नियमित र भरपर्दो तुल्याउन अनुरोध गरेको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालले कार्यालय समयमा विद्युत् आपूर्ति र इन्टरनेट सेवा नियमित नभएपछि राजस्व सङ्कलनलगायत कार्य प्रभावित भएको जनाउँदै ती सेवालाई नियमित तुल्याउन प्रदायक संस्थालाई निर्देशन दिनुभएको हो।
उहाँले भन्नुभयो, "विद्युत् तथा इन्टरनेट सेवा नियमित गर्ने विषयलाई गम्भीरतापूर्वक लिई सम्बन्धित निकायसँग आवश्यक समन्वय भइरहेको छ । केही समयमै यो समस्या समाधान हुने विश्वास लिइएको छ।" रासस

# वीर अस्पतालको निर्देशकमा डा. नेपाल नियुक्त

**मधेशदृष्टि**
**काठमाडौं।**
वीर अस्पतालको निर्देशकमा डा. विकास नेपाल नियुक्त भएका छन्। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का उपकुलपतिको सिफारिसमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले डा. नेपाललाई निर्देशकमा नियुक्त गरेका हुन्।
११ औं तहका डा. नेपाल ग्यास्ट्रो सर्जन छन् । उनले बुधबारदेखि नै वीर अस्पतालको निर्देशकको जिम्मेवारी सम्हालेका थिए । यसैगरी, वीर अस्पतालको सहायक निर्देशकमा डा. अपार लामिछाने र अनिता विसी नियुक्त भएका छन्।
यसअघि सरकारले डा. प्रभा कोइरालालाई वीर अस्पतालको निमित्त निर्देशकको जिम्मेवारी दिएको थियो। जिम्मेवारी सम्हालेपछि निर्देशक डा. नेपालले वीर अस्पतालका समस्या र चुनौतीलाई आफूले वर्षौंदेखि नजिकबाट बुझेको बताए । गरिब तथा विपन्न नागरिकको भरोसाको केन्द्रका रूपमा रहेको वीर अस्पतालको स्वास्थ्य सेवा सुधारमा आफू केन्द्रित हुने उनको भनाइ छ।

# सिरहामा करोडौँका आयोजना अलपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम।**
स्थानीय तहमा जनप्रतिनिधि परिवर्तनसँगै अघिल्लो नेतृत्वले अघि बढाएका विकास आयोजनाले निरन्तरता नपाउँदा सिरहाका विभिन्न पालिकामा करोडौँ रुपैयाँका योजना अलपत्र परेका छन् । निर्माणाधीन संरचना अधुरै छाडिँदा राज्यको लगानी जोखिममा परेको छ भने नागरिकले अपेक्षित सेवा पाउन सकेका छैनन् । लहान नगरपालिका–१७ स्थित देवीदह पर्यटकीय आयोजना यसको उदाहरण हो । धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको करिब २० बिघा क्षेत्रफलको देवीदहलाई आकर्षक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले आर्थिक वर्ष २०७७÷७८ मा आयोजना सुरु गरिएको थियो।

सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा अघि बढाइएको आयोजनाको अनुमानित लागत ६ करोड ९३ लाख रुपैयाँ थियो। तर, करिब २० प्रतिशत काम सम्पन्न भएपछि निर्माण रोकियो। विगत चार वर्षदेखि आयोजना अघि बढ्न सकेको छैन । आयोजनाअन्तर्गत लहान बजारदेखि देवीदहसम्मको करिब नौ किलोमिटर सडक ग्राभेल गर्ने काम पूरा भएको थियो। पोखरी परिसरमा घेराबार, इन्टरलक, बोटिङ तथा स्वीमिङ पुललगायतका संरचना निर्माण गर्ने योजना थियो। निर्माण कम्पनी विकास एन्ड बस्नेत कन्स्ट्रक्सन प्रालिसँग सम्झौता गरी काम सुरु गरिए पनि प्रारम्भिक चरणमै आयोजना रोकिएको हो।

पोखरी परिसरमा निर्माणका क्रममा गरिएका कामका केही अवशेष अझै देखिन्छन्। तर, बाँकी संरचना निर्माण हुने वा आयोजना पुनः सञ्चालनमा आउने विषय अन्योलमा छ । देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादवका अनुसार आयोजना सुरु हुँदा स्थानीयमा ठूलो उत्साह थियो । 'सडकदेखि पोखरी परिसरको विकाससम्म काम अघि बढेको थियो । योजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो,' उनले भने । स्थानीय तहको निर्वाचनपछि आयोजनाले निरन्तरता नपाएको लहान–१७ का वडाध्यक्ष प्रथमलाल चौधरीको भनाइ छ । उनका अनुसार पूर्वनगरप्रमुख मुनि साहको कार्यकालमा सुरु भएका केही आयोजनाको नयाँ नेतृत्वले समीक्षा गरेपछि बजेट निकासा प्रभावित भएको थियो।

चौधरीका अनुसार सङ्घीय सरकारतर्फबाट करिब ८० लाख रुपैयाँ खर्च भइसके पनि नगरपालिकाले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम व्यवस्थापन नहुँदा निर्माण कम्पनीलाई थप भुक्तानी हुन सकेन । 'आयोजना अघि बढाउन पटकपटक आग्रह ग¥यौँ । तर बजेट व्यवस्थापन भएन । अन्ततः निर्माण कम्पनीले अधुरै काम छाड्यो,' उनले भने । लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरी भने राजनीतिक पूर्वाग्रहका कारण आयोजना रोकिएको आरोप अस्वीकार गर्छन्। उनका अनुसार विगतमा स्रोत सुनिश्चितता, प्राविधिक तयारी र कानुनी प्रक्रिया पूरा नगरी ठूला आयोजना अघि बढाइएकाले अहिले समस्या देखिएको हो । 'हामी विकासविरोधी होइनौँ । पुराना आयोजनाको प्राविधिक अवस्था, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको मूल्याङ्कन गरेर मात्रै अघि बढाउने नीति छ,' उनले भने।

- **धनगढीमाईमा अस्पतालदेखि विद्यालयसम्म अधुरा**

लहानमा मात्रै होइन, धनगढीमाई नगरपालिकामा पनि अघिल्लो नेतृत्वले अघि सारेका विभिन्न आयोजना अलपत्र अवस्थामा छन् । तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा करिब १७ करोड रुपैयाँको लागतमा १५ शय्याको नगर अस्पताल निर्माण गर्ने योजना अघि बढाइएको थियो । दुई वर्षभित्र निर्माण सक्ने लक्ष्य राखिएको भए पनि नेतृत्व परिवर्तनपछि भुक्तानी र प्रक्रियागत समस्याका कारण आयोजना अधुरै रहेको बताइएको छ। अस्पताल भवन पूरा नहुँदा स्थानीयले पुरानै जीर्ण स्वास्थ्यचौकीबाट सेवा लिनुपर्ने अवस्था छ। जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनसमेत बजेट अभावका कारण रोकिएका छन्।

धनगढीमाई–१० मा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको प्राकृतिक अस्पताल पनि सञ्चालनको पूर्ण तयारीमा पुगेर प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। माटो, पानी, बाफ र मालिसमार्फत उपचार गर्ने उद्देश्यले बनाइएको संरचना प्रयोगविहीन हुने अवस्थामा पुगेको पूर्वनगरप्रमुख हरिनारायण चौधरीले बताए। उनले नयाँ नेतृत्वले अघिल्लो कार्यकालमा सुरु भएका आयोजनाको दायित्व लिन नचाहेका कारण समस्या भएको आरोप लगाए । तर, वर्तमान नगरप्रमुख शिवशङ्कर महतो भने विगतमा पर्याप्त स्रोत सुनिश्चित नगरी तथा प्रक्रियागत त्रुटिका बीच ठेक्का लगाइएकाले समस्या उत्पन्न भएको बताउँछन्।

'राजनीतिक प्रतिशोधका कारण योजना रोकिएको होइन । कानुनी र वित्तीय प्रक्रिया पूरा गरेर बेरुजु नआउने गरी रोकिएका आयोजना अघि बढाउने तयारीमा छौँ,' उनले भने।

- **गोलबजारको नगर भवन पनि अधुरै**

गोलबजार नगरपालिकाको बहुवर्षीय नगर भवन निर्माण पनि लामो समयदेखि अलपत्र छ । तत्कालीन नगरप्रमुख देवनाथ साहको कार्यकालमा २०७७ सालमा करिब २८ करोड रुपैयाँ लागतमा सुरु भएको चारतले भवनको ढलानसम्मको काम सम्पन्न भएको थियो । निर्माण अन्तिम चरणतर्फ पुगिरहेका बेला ठेक्का रद्द गरिएपछि तयार संरचना संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । भवन निर्माण पूरा नहुँदा नगरपालिका अहिले पनि साँघुरो संरचनाबाट सेवा प्रवाह गरिरहेको छ।

ठेक्का रद्द गर्ने निर्णयविरुद्ध निर्माण कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरेको छ। मुद्दा विचाराधीन रहेकाले नयाँ ठेक्का प्रक्रियाबाट भवन निर्माण अघि बढाउन समस्या भएको नगरपालिकाको भनाइ छ । नगरप्रमुख श्याम श्रेष्ठले भने निर्माण व्यवसायीले सम्झौताअनुसार काम सम्पन्न नगरेपछि कानुनी प्रक्रियाबाट ठेक्का रद्द गरिएको दाबी गरे । 'नगरपालिकाले आयोजना रोकेको होइन। तोकिएको समयमा काम पूरा नगरेपछि ठेक्का रद्द गरिएको हो । अहिले अदालतमा मुद्दा रहेकाले नयाँ प्रक्रिया अघि बढाउन सकिएको छैन,' उनले भने।

- **योजना रोकिँदा लगानीसँगै नागरिकको अपेक्षा पनि रोकियो**

स्थानीय तहमा नेतृत्व परिवर्तन लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक हिस्सा भए पनि नेतृत्व फेरिएसँगै निर्माणाधीन आयोजनाको भविष्य अन्योलमा पर्नु गम्भीर समस्या भएको विज्ञहरूको भनाइ छ । अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार स्थानीय सरकार व्यक्ति परिवर्तनसँगै बदलिने संस्था होइन। निर्वाचित प्रतिनिधि फेरिए पनि स्थानीय तहको संस्थागत दायित्व र सार्वजनिक आयोजनाको निरन्तरता कायम रहनुपर्छ। 'सार्वजनिक रकम खर्च भइसकेपछि त्यसबाट समयमै सेवा प्राप्त हुन नसक्नु राज्यको स्रोतको क्षति हो । भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजुको जोखिमसमेत बढ्छ,' उनले भने।

उनका अनुसार आयोजना सुरु गर्नुअघि स्रोत सुनिश्चितता, प्राविधिक तयारी र कानुनी प्रक्रिया पूरा नगर्नु स्थानीय तहको कमजोरी हो। तर, अघिल्लो नेतृत्वले सुरु गरेको आयोजना भएकै कारण काम रोक्नु त्यसको समाधान हुन नसक्ने उनको भनाइ छ । लहानका स्थानीय सत्यनारायण चौधरी विकास आयोजनालाई राजनीतिक प्रतिस्पर्धाको विषय बनाउन नहुने बताउँछन् । 'निर्वाचनपछि नेतृत्व फेरिन्छ, तर जनताको आवश्यकता फेरिँदैन । अघिल्लो नेतृत्वले सुरु गरेको भन्दै योजना रोक्ने हो भने जनताबाट उठाइएको कर खेर जाने भयो,' उनले भने। राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या जनप्रतिनिधि परिवर्तनमा भन्दा राजनीतिक संस्कृतिमा बढी केन्द्रित छ। 'स्थानीय सरकार व्यक्ति होइन, संस्था हो । निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन । तर विकास आयोजनालाई पनि राजनीतिक स्वामित्वको विषय बनाउने प्रवृत्ति छ,' उनले भने। सिरहाका विभिन्न पालिकामा देखिएको योजनाको यो अवस्थाले स्थानीय तहमा विकास आयोजना छनोट गर्दा दीर्घकालीन योजना, पर्याप्त स्रोत सुनिश्चितता र कानुनी तथा प्राविधिक तयारी आवश्यक रहेको देखाएको छ । नेतृत्व परिवर्तन भए पनि सुरु भइसकेका आयोजनालाई संस्थागत स्वामित्वका साथ अघि बढाउने प्रणाली नबनेसम्म सार्वजनिक लगानी जोखिममा पर्ने र नागरिकले विकासको प्रतिफल पाउन ढिलाइ हुने अवस्था दोहोरिरहने देखिन्छ।

प्रहरीभित्रै पीडाः

# सरुवा–काजले टुट्दै तल्लो तहका कर्मचारीको पारिवारिक जीवन




**मधेशदृष्टि**
**काठमाडौँ।**
नागरिकको सुरक्षा र राष्ट्रको सेवामा चौबीसै घण्टा खटिने प्रहरी संगठनभित्रै तल्लो तहका कर्मचारीहरूले सरुवा र काज व्यवस्थापनका कारण गम्भीर पारिवारिक, आर्थिक तथा मानसिक समस्या भोग्नुपरेको गुनासो गरेका छन् । संगठनको आवश्यकता भन्दै हुने लामो दूरीको सरुवा तथा काजमा कर्मचारीको पारिवारिक अवस्था, आर्थिक क्षमता र व्यावहारिक कठिनाइलाई पर्याप्त रूपमा ध्यान नदिइँदा उनीहरूको दैनिकी थप कष्टकर बन्दै गएको एक प्रहरी अधिकृतले बताएका छन् । ती अधिकृतका अनुसार प्रहरी संगठनलाई आवश्यकताअनुसार आफ्ना कर्मचारीलाई सरुवा वा काजमा खटाउने अधिकार भए पनि त्यसको प्रयोग गर्दा मानवीय तथा पारिवारिक पक्षलाई बेवास्ता गर्न नहुने हो। तर कतिपय अवस्थामा स्पष्ट कारण र पर्याप्त आधारबिना कर्मचारीलाई टाढा–टाढाका स्थानमा पठाइँदा त्यसको प्रत्यक्ष असर परिवारमाथि पर्ने गरेको छ।

'संगठनलाई सरुवा गर्ने अधिकार होला, तर बिना ठोस कारण श्रीमान् श्रीमतीलाई फरक–फरक ठाउँमा राख्ने र सयौँ किलोमिटर टाढा खटाउने निर्णयले कर्मचारीको पारिवारिक र आर्थिक जीवनमा गम्भीर असर पर्छ,' उनले भने। उनका अनुसार अचानक हुने सरुवा वा काजका कारण बालबालिकाको पढाइदेखि पारिवारिक व्यवस्थापनसम्म प्रभावित हुने गरेको छ । श्रीमान् श्रीमती दुवै प्रहरी सेवामा रहेर फरक–फरक जिल्लामा कार्यरत हुनुपर्ने अवस्था सिर्जना हुँदा पारिवारिक सम्बन्धमा तनाव थपिने गरेको उनको भनाइ छ। समस्या केवल पारिवारिक विछोडमा सीमित छैन।

नयाँ कार्यक्षेत्रमा पुग्नेबित्तिकै बसोबासको अर्को चुनौती सुरु हुने गरेको कर्मचारीहरूको गुनासो छ । उपयुक्त डेरा पाउन कठिन हुने र पाए पनि चर्को भाडा तिर्नुपर्ने अवस्था रहेको उनीहरू बताउँछन्।

'तलब सीमित हुन्छ, तर नयाँ ठाउँमा पुग्दा डेरा, खानपिन, आवतजावत र अन्य व्यवस्थापनमा खर्च ह्वात्तै बढ्छ,' ती अधिकृतले भने, 'कतिपय अवस्थामा कमाइको ठूलो हिस्सा बसोबास र दैनिक खर्चमै सकिन्छ।'

प्रहरी सेवाको प्रकृति अन्य सामान्य सेवाभन्दा फरक छ । जुनसुकै समयमा नागरिकको सुरक्षा र राष्ट्रको सेवाका लागि खटिनुपर्ने जिम्मेवारीमा रहेका कर्मचारीको व्यक्तिगत तथा पारिवारिक अवस्थाप्रति पनि संगठन संवेदनशील हुनुपर्ने उनको धारणा छ । आफ्नो परिवार र दैनिकीको चिन्तामा रहेका कर्मचारीबाट उच्च मनोबलसहितको अपेक्षा मात्र गर्नु पर्याप्त नहुने उनको तर्क छ। तल्लो तहका कर्मचारीको अर्को गम्भीर समस्या भनेको गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र नहुनु रहेको उनले औंल्याएका छन् । माथिल्लो तहका निर्णयबाट प्रत्यक्ष प्रभावित भए पनि तल्लो दर्जाका कर्मचारीले खुलस्त रूपमा आफ्नो समस्या राख्न सक्ने वातावरण र निष्पक्ष सुनुवाइको व्यवस्था आवश्यक रहेको उनको भनाइ छ।

'माथिल्लो तहका अधिकारीलाई समस्या पर्दा गुनासो गर्ने ठाउँ हुन्छ, तर तल्लो दर्जाका प्रहरी कर्मचारीको पीडा कसले सुन्छ ? उनीहरूका लागि पनि निष्पक्ष र प्रभावकारी सुनुवाइको संयन्त्र हुनुपर्छ,' उनले प्रश्न गरे।

**कानुनमा भएका व्यवस्था कार्यान्वयन गर्न माग**

प्रहरी कर्मचारीहरूले सरुवा तथा काजसम्बन्धी विद्यमान कानुनी र प्रशासनिक प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने माग गरेका छन् । प्रहरी नियमावली, २०७१ को नियम ४९ को उपनियम (४) अनुसार प्रहरी जवानदेखि प्रहरी नायब निरीक्षकसम्मका कर्मचारीलाई सम्भव भएसम्म घरपायक वा प्रदेशभित्र सरुवा गर्ने प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको उनीहरूको भनाइ छ । त्यस्तै, काज निर्देशिका, २०६९ को दफा ३ को 'ग' मा छ महिनाभित्र सरुवा मिलान वा पुनः काज आदेश नभए सम्बन्धित प्रहरी कर्मचारी स्वतः आफ्नो दरबन्दीमा फर्किने व्यवस्था रहेको उल्लेख गर्दै उनीहरूले त्यसको प्रभावकारी कार्यान्वयनको माग गरेका छन्। यसैगरी, निर्देशिकाको दफा ८ को 'ठ' अनुसार श्रीमान्–श्रीमती दुवै प्रहरी सेवामा रहेमा उनीहरूलाई सम्भव भएसम्म एउटै क्षेत्र वा पायक पर्ने स्थानमा सरुवा तथा काजको व्यवस्था गर्नुपर्ने प्रावधानलाई व्यवहारमा उतार्नुपर्ने माग गरिएको छ। ती प्रहरी अधिकृतका अनुसार कानुन र निर्देशिकामा रहेका यस्ता व्यवस्था इमानदारीपूर्वक लागू हुने हो भने तल्लो तहका कर्मचारीले भोग्दै आएको पारिवारिक विछोड, अतिरिक्त आर्थिक भार र मानसिक तनाव धेरै हदसम्म कम हुन सक्छ । उनले संगठनभित्र अधिकारको प्रयोग गर्दा कानुन, नियम र मानवीय संवेदनालाई सँगसँगै हेर्नुपर्नेमा जोड दिएका छन् । तल्लो तहका कर्मचारीमाथि आफूलाई कानुनभन्दा माथि राखेर निर्णय गर्ने प्रवृत्तिले अन्ततः संगठनभित्रको मनोबल, अनुशासन र कार्यसम्पादनमै नकारात्मक असर पार्न सक्ने उनको चेतावनी छ।

सरुवा तथा काज प्रणालीलाई थप पारदर्शी, व्यवस्थित र उत्तरदायी बनाउनुपर्ने, कर्मचारीको पारिवारिक अवस्था तथा सम्भावित आर्थिक भारको मूल्यांकन गर्नुपर्ने र सम्भव भएसम्म श्रीमान्–श्रीमतीलाई एउटै वा पायक पर्ने क्षेत्रमा व्यवस्थापन गर्ने नीतिलाई व्यवहारमै लागू गर्नुपर्ने उनको सुझाव छ।

नागरिकको सुरक्षाका लागि निरन्तर खटिने तल्लो तहका प्रहरी कर्मचारीको मनोबल उच्च राख्न केवल आदेश र जिम्मेवारी पर्याप्त हुँदैन।

सेवा–सुविधा, आवास, सरुवा–काज प्रणाली र गुनासो सुनुवाइको व्यवस्थामा सुधार उत्तिकै आवश्यक छ । प्रहरी संगठनको बलियो संरचना तल्लो तहका कर्मचारीकै मेहनत र समर्पणमा अडिएको हुन्छ । त्यसैले उनीहरूको समस्या सुन्ने, कानुनमा भएका अधिकार कार्यान्वयन गर्ने र पारिवारिक तथा मानवीय पक्षलाई सम्मान गर्ने नीति अब केवल कागजमा होइन, व्यवहारमै देखिनुपर्ने माग उठेको छ।

# सबै राजनीतिक पक्ष एकजुट हुन देउवाको आह्वान

**मधेशदृष्टि**
**काठमाडौँ।**
झन्डै पाँच महिना लामो स्वास्थ्य उपचारपछि स्वदेश फर्किएका नेपाली कांग्रेसका पूर्व सभापति शेरबहादुर देउवाले राष्ट्रिय एकता, लोकतन्त्रको सुदृढीकरण र मुलुकको समृद्धिका लागि सबै राजनीतिक पक्ष एकजुट भएर अघि बढ्न आह्वान गरेका छन्।

स्वदेश फर्किएलगत्तै वक्तव्य जारी गर्दै देउवाले आफू कुनै पद वा शक्ति प्राप्त गर्ने उद्देश्यले नभई राष्ट्रिय एकतालाई थप मजबुत बनाउने लक्ष्यसहित सक्रिय राजनीतिमा फर्किएको स्पष्ट पारे। उनले नयाँ पुस्ताको भावना र परिवर्तनको चाहनालाई आत्मसात् गर्दै अनुभव र युवाको ऊर्जाबीच सन्तुलन कायम गरेर अघि बढ्नुपर्नेमा जोड दिए।



जेनजी आन्दोलनका जायज माग सम्बोधन गर्नुपर्ने आफ्नो धारणा पहिलेदेखि नै रहेको उल्लेख गर्दै देउवाले युवाको नेतृत्व र सहभागिता आवश्यक भए पनि अग्रज पुस्ताले गरेको योगदान, त्याग र बलिदानलाई भुल्न नहुने बताए । आफ्नो लामो राजनीतिक अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न आफू सधैँ तयार रहेको उनको भनाइ छ। वर्तमान सरकारतर्फ संकेत गर्दै देउवाले जनतामा ठूलो परिवर्तनको आकांक्षा देखिएको भन्दै त्यसलाई सम्बोधन गर्नु सरकारको प्रमुख दायित्व भएको बताए । जनताको मतलाई राजनीतिक आग्रह–पूर्वाग्रहका आधारमा बेवास्ता गरिए लोकतन्त्रमा जनता नै अन्तिम निर्णायक हुने उनले चेतावनी दिए।

निर्दोषलाई फसाउन खोजिएको भन्दै

# आफन्तद्वारा अदालत अगाडि प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिटरब्याज तथा ठगीसम्बन्धी आरोपमा पक्राउ परेका जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरका एकै परिवारका तीन जनाका आफन्तले पूर्व एसएसपी गोविन्द साहले पद र पहुँचको दुरुपयोग गरी उनीहरूलाई फसाउन खोजेको आरोप लगाएका छन् । गोपाल साह, उनकी श्रीमती रेखा साह र छोरा हरेराम साहलाई गत साउन २ गते मिटरब्याज तथा ठगीसम्बन्धी आरोपमा पक्राउ गरिएको थियो । उनीहरूका आफन्तले बिहीबार जिल्ला अदालत धनुषा अगाडि प्रदर्शन गर्दै निष्पक्ष छानबिन र न्यायको माग गरेका हुन्।



प्रदर्शनका क्रममा रेखा साहका छोरा जयराम साहले पूर्व एसएसपी साहले आफ्नो पूर्वपदीय हैसियत र प्रभाव प्रयोग गरेर परिवारका सदस्यलाई फसाउन खोजेको आरोप लगाए। जयरामका अनुसार करिब पाँच वर्षअघि पूर्व एसएसपी साहले बिक्री गरेको जग्गा आफूहरूले कानुनी प्रक्रिया पूरा गरेर खरिद गरेका हुन् । जग्गा खरिदका क्रममा साहकी श्रीमती र छोराको मञ्जुरी सनाखतसहितका कागजातसमेत आफूसँग सुरक्षित रहेको उनले दाबी गरे।

उनका अनुसार जग्गा बिक्री भएको केही वर्षपछि त्यस क्षेत्रबाट मुख्य सडक निर्माण भएपछि बाँकी जग्गाको मूल्य बढेको थियो । त्यसपछि पूर्व एसएसपी साहले पहिले बिक्री गरेको जग्गामा पुनः दाबी गर्दै आफ्नी आमासहित आफन्तलाई मिटरब्याज तथा ठगीसम्बन्धी मुद्दामा फसाएको जयरामको आरोप छ।

'पाँच वर्षअघि आफैँले बिक्री गरेको जग्गाको मूल्य बढेपछि अहिले फेरि दाबी गरिएको छ,' जयरामले भने, 'हामीले सबै कानुनी प्रक्रिया पूरा गरेर जग्गा खरिद गरेका हौँ । त्यससम्बन्धी कागजात पनि सुरक्षित छन्।'

उनले पूर्व एसएसपीजस्तो जिम्मेवार पदमा बसेको व्यक्तिले आफूले हस्ताक्षर गरेका कागजात र कारोबारको विषयमा जानकारी हुनुपर्ने तर्क गरे । अदालतप्रति आफूहरूको पूर्ण सम्मान रहेको भन्दै उनले निष्पक्ष सुनुवाइबाट न्याय पाउने विश्वास व्यक्त गरे । पक्राउ परेको २५ दिन बितिसक्दा पनि पटकपटक म्याद थप गरी हिरासतमा राखिएको भन्दै जयरामले आपत्ति जनाए । उनले कानुनी प्रक्रिया बाहिर नराखी अदालतबाटै न्यायिक प्रक्रिया अघि बढाउन र परिवारका सदस्यलाई बाहिर रहेर कानुनी लडाइँ लड्ने वातावरण बनाउन माग गरे।

यसअघि पूर्व एसएसपी गोविन्द साहले भने आफूले २०७९ साल वैशाखमा निर्वाचनमा उम्मेदवारी दिने तयारीका क्रममा आफ्नो जग्गा रेखा साहसमक्ष राखेर कागज गरी ९९ लाख रुपैयाँ ऋण लिएको दाबी गरेका थिए। उनका अनुसार ऋण चुक्ता गरी जग्गा फिर्ता लिन जाँदा आफूले दिएको जग्गा अर्कै व्यक्तिको नाममा पास भइसकेको थाहा पाएपछि मिटरब्याज तथा ठगीसम्बन्धी उजुरी दिएको हो । उनले केही दिनअघि पत्रकार सम्मेलन गरी आफ्नो दाबी सार्वजनिक गरेका थिए। घटनामा दुवै पक्षले आ–आफ्ना दाबी प्रस्तुत गरेकाले जग्गा कारोबार, रकम लेनदेन तथा कागजातको वास्तविकता अनुसन्धान र न्यायिक प्रक्रियाबाटै टुंगो लाग्ने देखिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन